# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, मंसीर २७ गते २०६७ साल (संख्या ३४


## भाग ५

### नेपाल सरकार
### सिंचाई मन्त्रालयको सूचना

नेपाल सरकारले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी सिंचाई मन्त्रालय र अन्तर्गतका कार्यालयहरूले (दातृ निकायहरूसँगको सहमतिको कारणले विद्युतीय बोलपत्रमा जान नसकिने अवस्थामा बाहेक) आ.व. २०६७।०६८ देखि विद्युतीय सञ्चारको माध्यमबाट पूर्व योग्यता निर्धारणको प्रस्ताव माग गर्न, बोलपत्र आह्वानको सूचना जारी गर्न, आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्न, परामर्श सेवाको प्रस्ताव माग गर्न, बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजात पठाउन, बोलपत्र, पूर्व योग्यताको वा परामर्श सेवाको प्रस्ताव प्राप्त गर्न, बोलपत्र खोल्न, खरीद सम्झौता गर्न, भुक्तानी दिन र अन्य सूचना दिन वा लिन सक्ने व्यवस्था गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
उमाकान्त झा
नेपाल सरकारको सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित मूल्य रु ५।-
गो.द.व.नं. १६।२०६३।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालन भएका विद्यालयले एकै पटक कक्षा एकदेखि कक्षा पाँचसम्म वा कक्षा छ देखि कक्षा आठसम्म कक्षा थप गर्न चाहेमा अनुमतिको लागि जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन परेमा जिल्ला शिक्षा अधिकारीले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा जिल्ला शिक्षा समितिको सिफारिश सहित त्यस्तो निवेदन निर्देशक समक्ष पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त भएका निवेदन सहितको सिफारिश जाँचबुझ गर्दा मनासिब देखिएमा निर्देशकले जिल्ला शिक्षा समितिको सिफारिश बमोजिम शैक्षिक सत्र शुरु हुनुभन्दा अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम कक्षा थप सम्बन्धी अनुमति यो नियम प्रारम्भ हुनुभन्दा अघि सञ्चालन भएका संस्थागत विद्यालयको हकमा एक पटकको लागि मात्र दिन सकिने छ ।

आज्ञाले,
शङ्करप्रसाद पाण्डे
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।